# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०७३/७४)


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विकास शाखा**

बालुवाटार, काठमाण्डौ



२०७४ कार्तिक

# अध्ययन विधि तथा समेटिएको क्षेत्र

## अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुसार आर्थिक वर्ष २०७३/७४ को वार्षिक आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरेको छ ।

२. प्रतिवेदन नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखा र नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ५७ जिल्लाहरुमा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालाहरुसँगको अन्तरक्रियामा आधारित रहेको छ ।

३. प्रतिवेदनमा तोकिएका ५७ जिल्लाहरुको कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा वर्षको स्थिति तथा आगामी आर्थिक वर्षको परिदृश्य लगायत यी क्षेत्रहरुमा देखिएका चुनौतीहरुको संक्षिप्तमा चर्चा गरिएको छ ।

४.अघिल्लो वर्षसम्म अध्ययनमा ४७ जिल्ला समेटिने गरेकोमा चालु आर्थिक वर्ष २०७३/७४ देखि विराटनगर, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रका थप १० जिल्ला समेत समावेश गरी जम्मा ५७ जिल्ला कायम गरिएको छ ।

५. अध्ययनमा समावेश क्षेत्र र जिल्लाहरु देहाय वमोजिम रहेका छन् ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू | जिल्लाको संख्या |
|---|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा | ९ |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा | ९ |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर | ६ |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन | ५ |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्ग | ९ |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी | ६ |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जुम्ला | ६ |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम र दार्चुला | ७ |
| जम्मा | | ५७ |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **कार्यकारी सारांश** | | **१-३** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **४-९** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ४ |
| १.२ | कृषि उत्पादन | ४ |
| १.३ | क्षेत्रफल उत्पादन र उत्पादकत्वको विश्लेषण | ६ |
| १.४ | प्रमुख पशुपंछी तथा माछाजन्य उत्पादन | ७ |
| १.५ | सिँचाइ सुविधा | ८ |
| १.६ | क्षेत्रगत कृषि कर्जा स्थिति | ८ |
| १.७ | कृषि उत्पादनको परिदृश्य | ९ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **१०-१२** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | १० |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ११ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | १२ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **१३-१६** |
| ३.१ | पर्यटन उद्योग | १३ |
| ३.२ | घर-जग्गा कारोबार | १३ |
| ३.३ | वित्तीय सेवा | १३ |
| ३.४ | यातायात तथा संचार | १५ |
| ३.५ | शिक्षा तथा स्वास्थ्य | १५ |
| ३.६ | सेवा क्षेत्रको परिदृश्य | १६ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१७-१९** |
| ४.१ | कृषि क्षेत्र | १७ |
| ४.२ | उद्योग क्षेत्र | १७ |
| ४.३ | सेवा क्षेत्र | १८ |
| ४.४ | पूर्वाधार क्षेत्र | १९ |

# कार्यकारी सारांश

## कृषि क्षेत्र

१. आर्थिक वर्ष २०७३/७४ मा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ५७ जिल्लाहरुमा **कृषि क्षेत्रको समग्र अवस्था सन्तोषजनक** रहेको छ । समीक्षा वर्षमा खाद्य तथा अन्य वालीले ढाकेको भू-क्षेत्रमा सामान्य वृद्धि भएको छ भने त्यस्ता बालीहरुको **उत्पादनमा १०.८ प्रतिशतले वृद्धि** भएको छ । अनुकुल मौसम, कृषि क्षेत्रमा बढ्दो व्यवसायीकरण तथा उन्नत बीउबिजन, रसायनिक मल लगायतका कृषि आगतहरुको सहज उपलब्धताबाट कृषि क्षेत्रको उत्पादनमा वृद्धि हुन गएको हो ।

२. प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादन २३.९ प्रतिशतले, गहुँको उत्पादन १०.२ प्रतिशत** तथा **मकैको उत्पादन ७.५ प्रतिशतले वृद्धि** भएको छ । त्यसैगरी तरकारी, फलफूल तथा मसलाको उत्पादनमा पनि समीक्षा वर्षमा विस्तार आएको छ ।

३. समीक्षा वर्षमा पशुजन्य उत्पादन अन्तरगत **दुधको उत्पादन ३.२ प्रतिशत**ले तथा **मासु उत्पादन ५.९ प्रतिशतले वृद्धि** भएको छ । त्यसैगरी **अण्डा उत्पादन ३.१ प्रतिशत**ले तथा **माछा उत्पादन ९.८ प्रतिशतले वृद्धि** भएको छ । वनजन्य उत्पादन अन्तरगत **काठको उत्पादन २१.६ प्रतिशतले वृद्धि** भएको छ ।

४. समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुले **कुल प्रवाहित कर्जाको ४.७ प्रतिशत कर्जा कृषि क्षेत्रमा** प्रवाह गरेका छन् । गत अवधिको तुलनामा **कृषि क्षेत्रमा प्रवाहित कर्जामा २०.३ प्रतिशतले वृद्धि** भएको छ ।

## उद्योग क्षेत्र

५. समीक्षा वर्षमा अध्ययन क्षेत्रका उद्योगहरुको क्षमता उपयोगमा सुधार आएको छ । गत वर्ष **उद्योगहरुको औसत क्षमता उपयोग ४८.२ प्रतिशत** मात्र रहेकोमा समीक्षा अवधिमा त्यस्तो उपयोगमा वृद्धि भई **५७.३ प्रतिशत** पुगेको छ । उर्जा आपूर्ति तथा व्यावसायिक वातावरणमा भएको सुधार भएको तथा पुनर्निर्माण कार्यले गति लिएकोले निर्माणजन्य सामग्रीको मागमा आएको विस्तारका कारण उद्योगहरुको क्षमता उपयोगमा सुधार आएको हो ।

६. समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल समूह, पेय पदार्थ समूह, लत्ता कपडा समूह, कागज, अन्न तथा पशुदाना समूह अन्य रसायनिक पदार्थ समूह, प्लाष्टिकजन्य उत्पादन, गैरधातु खनिजजन्य उत्पादन तथा फ्रेबिकेटेट धातुका सामानहरुको **उत्पादनमा वृद्धि** भएको छ भने दुग्धपदार्थ, अन्य खाद्य पदार्थ समूह, तयारी कपडा, काठको उत्पादन, बिजुलीको तार र जुत्ताको **उत्पादनमा ह्रास** आएको छ । ।

७. समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुले **कुल प्रवाहित कर्जाको ३२.४ प्रतिशत कर्जा औद्योगिक क्षेत्रमा** प्रवाह गरेका छन् । समीक्षा वर्षमा त्यस्तो कर्जा **२१.० प्रतिशतले वृद्धि** भएको छ ।

## सेवा क्षेत्र

८. समीक्षा वर्षमा **घरजग्गा कारोबारमा बढोत्तरी आएको** छ । घर-जग्गा **रजिष्ट्रेशन संख्यामा ९.० प्रतिशतले** वृद्धि भएको छ भने रजिष्ट्रेशन वापतको **राजस्व संकलन ३९.८ प्रतिशतले** बढ्न गएको छ ।

९. अध्ययन क्षेत्रमा पर्यटन गतिविधि उत्साहजनक रहेको छ । समीक्षा अवधिमा उक्त क्षेत्रमा **पर्यटक स्तरीय होटेल तथा लजको संख्यामा ७.९ प्रतिशत** तथा **बेडको संख्यामा ६.८ प्रतिशत**ले वृद्धि भएको छ । उक्त अवधिमा **पर्यटक आगमनमा २९.२ प्रतिशतले वृद्धि** भएको छ ।

१०. वित्तीय सेवा अन्तर्गत अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेप १८.२ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाह २२.८ प्रतिशतले वृद्धि भएको** छ । निक्षेप संकलन भन्दा कर्जा प्रवाहमा भएको तीब्र विस्तारका कारण गत वर्ष **८२.८ प्रतिशत** रहेको **कर्जा-निक्षेप अनुपात समीक्षा वर्षमा ८६.१ प्रतिशत कायम** रहेको छ ।

११. निक्षेप संकलन तथा कर्जा प्रवाहमा काठमाडौं क्षेत्रको अंश अझै पनि ठूलो रहेको छ । उक्त क्षेत्रको हिस्सा **कुल निक्षेप संकलनमा ६८.३ प्रतिशत** तथा **कुल कर्जामा ५१.७ प्रतिशत** रहेको छ । गत वर्ष काठमाण्डौ क्षेत्रको निक्षेप तथा कर्जामा रहेको हिस्सा क्रमशः **६८.३ प्रतिशत** र **५३.० प्रतिशत** रहेको थियो ।

१२. समीक्षा वर्षमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १२.७ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अर्न्तगत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको **मोवाईल तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा १४.० प्रतिशतले वृद्धि भएको छ** भने **ईन्टरनेट सेवामा १७.४ प्रतिशतले वृद्धि** भएको छ ।

## चुनौती तथा परिदृष्य

१३. चालु आर्थिक वर्षमा मनसुन अवधिमा प्रयाप्त वर्षा भएको तथा कृषि क्षेत्रको व्यवसायीकरण तथा आधुनिकीकरणका लागि नेपाल सरकारबाट अगाडी सारिएका विभिन्न योजना तथा कार्यक्रमहरुबाट प्रमुख कृषि बालीहरुको उत्पादनमा विस्तार आउने अनुमान रहेको छ । यद्यपि कृषि उत्पादनमा अपेक्षित उपलब्धि हासिल गर्नका लागि **उन्नत बिउ-विजन तथा रसायनिक मलको सहज आपूर्ति तथा वर्षैभरी सिँचाइ सुविधा उपलव्ध गराउनुपर्ने** चुनौतीहरु विद्यमान छन् ।

१४. उर्जाको सहज आपूर्ति तथा व्यवसायिक वातावरणमा आएको सुधारबाट चालु आर्थिक वर्षमा **औद्योगिक उत्पादनमा विस्तार** आउने देखिन्छ । औद्योगिक उत्पादनमा उच्च वृद्धि कायम राख्न निर्माणाधिन जलविद्युत परियोजनाहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्ने, आयातित बस्तुहरुसँगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गनुपर्ने, उद्योग व्यवसायी, किसान एवम् श्रमिकबीच सुमधुर सम्बन्ध कायम राख्नुपर्ने र स्वदेशी तथा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण सृजना गर्नुपर्ने चुनौतीहरु विद्यमान छन् ।

१५. अध्ययन क्षेत्रमा पर्यटक स्तरीय होटेलहरुको संख्यामा भइरहेको विस्तार तथा पर्यटन आगमनका लागि सकारात्मक वातावरण बन्दै गएबाट आगामी वर्ष पर्यटन क्षेत्रमा थप विस्तार हुने देखिन्छ । तथापि भूकम्पबाट

क्षतिग्रस्त ऐतिहासिक सम्पदाहरुको यथाशीघ्र पुनर्निर्माण तथा पर्यटकीय पूर्वाधारको विकास  गर्न नसकेमा यस क्षेत्रवाट अपेक्षित उपलब्धी प्राप्त गर्नमा कठिनाई हुने जोखीम रहेको छ ।


१६. प्रादेशिक तथा स्थानीय निकायहरुको चुनाव सम्पन्न भए पश्चात अध्ययन क्षेत्रमा आर्थिक गतिविधिहरुमा थप विस्तार आउने देखिन्छ । यद्यपी ती निकायहरुको प्रभावकारी कार्य संचालनका लागि विभिन्न भौतिक, मानवीय संसाधन तथा कानुनी संरचनाहरु समयमै उपलब्ध गराउनुपर्ने चुनौती रहेको छ ।

परिच्छेद १

# कृषि क्षेत्र

१.१. **कृषि उपजले ढाकेको भू-क्षेत्र** : आर्थिक वर्ष २०७३/७४ मा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल २.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो क्षेत्रफलमा ०.५ प्रतिशतले ह्रास आएको थियो ।

(क) **खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो क्षेत्रफल १.१ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा धान, मकै, गहुँ, कोदो, जौं, आलु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने फापर, उखु, सुर्ति, सनपाट र भटमासले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।




(ख) **तरकारी** : समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफलमा ०.२ प्रतिशतले ह्रास आएको छ । गत वर्ष उक्त बालीले ढाकेको क्षेत्रफल ५.२ प्रतिशतले वृद्धि भएको थियो ।

(ग) **फलफूल तथा मसला** : समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ४.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफलमा ५.२ प्रतिशतले बढेको थियो ।

(घ) **क्षेत्रगत स्थिति** : क्षेत्रगत आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल पोखरा र धनगढी क्षेत्रमा कमी आएको छ भने अन्य सबै क्षेत्रमा बढेको छ । तरकारीले ढाकेको क्षेत्रफल विराटनगर, जनकपुर र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौ र विराटनगर क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका १** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


१.२ **कृषि उत्पादन** : समीक्षा वर्षमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी र फलफुल तथा मसला) को कुल उत्पादन ८.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्ता बालीहरुको उत्पादनमा ०.६ प्रतिशतले ह्रास आएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १०.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो उत्पादनमा १.५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन २३.९ प्रतिशत, मकैको उत्पादन ७.५ प्रतिशत तथा गहुँको उत्पादन १०.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष धानको उत्पादन १०.४ प्रतिशतले तथा गहुँको उत्पादन ५.६ प्रतिशतले घटेको थियो भने मकैको उत्पादन ३.६ प्रतिशतले बढेको थियो ।

यसैगरी समीक्षा अवधिमा फापरको उत्पादन ५.५ प्रतिशतले , आलुको उत्पादन ३.६ प्रतिशतले, उखुको उत्पादन ३.६ प्रतिशतले, भटमासको उत्पादन १४.४ प्रतिशतले, दलहनको उत्पादन १२.५ प्रतिशतले र तेलहनको उत्पादन ६.५ प्रतिशतले बढेको छ । कोदो, जौ, सनपाट तथा सुर्तिको उत्पादनमा भने समीक्षा वर्षमा ह्रास आएको छ ।

**ख)** समीक्षा वर्षमा मौसम अनुकुल रहेको, खेती गरिएको क्षेत्रफलमा वृद्धि भएको, कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायीकरणमा थप प्रगती भएका कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा बढोत्तरी आएको हो ।

**ग)** भौगोलिक आधारमा तुलना गर्दा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादनमा सबैभन्दा बढी धनगढी क्षेत्रमा २२.४ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम काठमाडौं क्षेत्रमा ७.१ प्रतिशतले वृद्धि भएको छ ।




(घ) **तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन १.० प्रतिशतले बढेको छ । गत वर्ष उक्त समूहको उत्पादनमा २.२ प्रतिशतले वृद्धि भएको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा काठमाडौं, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा तरकारी उत्पादनमा वृद्धि भएको छ भने विराटनगर, जनकपुर र वीरगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

(ङ) **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ५.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो उत्पादनमा २.४ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत सुन्तलाको उत्पादन ४.३ प्रतिशतले, आँपको उत्पादन १२.५ प्रतिशतले र केराको उत्पादन ५.० प्रतिशतले वृद्धि भएको छ । यसैगरी, अन्य फलफुलको उत्पादन ७.८ प्रतिशतले, मसलाको उत्पादन २.५ प्रतिशतले र कफीको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएको छ भने स्याउको उत्पादन ९.२ प्रतिशतले घटेको छ ।

गत वर्ष उक्त बालीहरुमध्ये सुन्तला, आँप र स्याउको उत्पादन घटेको थियो भने अन्य सबै फलफूल तथा मसलाको उत्पादन बढेको थियो ।

**(च)** क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा फलफूल तथा मसला बालीको उत्पादन विराटनगर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी क्षेत्रमा वृद्धि भएको छ भने काठमाडौं, जनकपुर र सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको देखिन्छ । यस समुहका बालीहरुको उत्पादन वीरगञ्ज क्षेत्रमा सबैभन्दा बढी ६०.० प्रतिशतले बढेको छ भने सिद्धार्थनगर क्षेत्रमा सबैभन्दा बढी ६.५ प्रतिशतले ह्रास आएको देखिन्छ ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका २** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.३ क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विश्लेषण

**(क) क्षेत्रगतरुप विशेष उत्पादन :** विराटनगर अध्ययन क्षेत्र अन्तर्गत चिया, अलैंची तथा जुट प्रमुख रुपमा उत्पादन हुने बालीहरु हुन् । नेपालगञ्ज क्षेत्र अन्तर्गत मह, अदुवा प्रमुख रुपमा उत्पादन हुने कृषि उपजहरु हुन् भने धनगढी क्षेत्र अन्तर्गत रोजिन उत्पादनले अन्य क्षेत्र भन्दा पृथक महत्व राखेको पाइन्छ । पोखरा अध्ययन क्षेत्र अन्तर्गत विशेष पहिचान बनाएको सुन्तलाको उत्पादन गत वर्ष घटेकोमा समीक्षा वर्षमा सन्तोषजनक रुपमा वृद्धि हुन गएको छ । वीरगञ्ज क्षेत्र अन्तर्गत केरा तथा माछाको उत्पादन विशेष उत्पादनको रुपमा रहेको छ । यस क्षेत्रमा गत वर्षको तुलनामा समीक्षा वर्षमा केरा तथा माछाको उत्पादन उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ ।

**(ख) कृषि क्षेत्रमा बदलिएको प्रवृत्ति :** विगतका वर्षहरुमा निरन्तर घटिरहेको प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा बढेको छ भने तरकारी बालीले ढाकेको क्षेत्रफल सामान्य घटेको छ । नेपाल सरकारले अगाडी सारेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि क्षेत्रमा प्रदान गरिएका अनुदान कार्यक्रमको सकारात्मक प्रभाव तथा कृषि क्षेत्रमा युवाहरुको बढ्दो आकर्षण जस्ता कारणहरुले गर्दा कृषकहरु परम्परागत कृषि प्रणालीको सट्टा प्रविधिमैत्री र आधुनिक खेती प्रणालीतर्फ आकर्षित हुँदै गएको देखिन्छ ।

**(ग) नीतिगत व्यवस्था :** नेपाल सरकारले उच्च सम्भावना बोकेका स्थानहरुलाई परियोजनाका रुपमा पकेट, ब्लक, जोन र सुपरजोन क्षेत्र मार्फत कृषि क्षेत्रमा अभियानका रुपमा प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरेको, नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत बैंकहरुले कृषि क्षेत्रमा लगानी गर्नुपर्ने निर्देशात्मक व्यवस्थाका गर्नुका साथै विशेष कृषि उत्पादनका लागि सहुलियतपूर्ण पुनरकर्जाको व्यवस्था गरेका कारण प्रमुख खाद्य बाली तथा तरकारी एवम् फलफुल खेतीमा कृषकहरुको आकर्षण बढ्दै गएको देखिन्छ । जसका कारण समग्र कृषि क्षेत्रमा व्यवसायिकरणको विकास भएको देखिन्छ ।

**(घ) उत्पादकत्व :** उत्पादकत्व तर्फ समीक्षा वर्षमा धानको औसत उत्पादकत्व प्रति हेक्टर ३.४ मे.टन, मकैको २.८ मे.टन, गहुँको २.४ मे.टन र आलुको उत्पादकत्व प्रति हेक्टर १३.४ मे.टन रहेको देखिन्छ । त्यसैगरी, क्षेत्रगत रुपमा विश्लेषण गर्दा धानको उत्पादकत्व सबैभन्दा बढी नेपालगञ्ज क्षेत्रमा प्रति हेक्टर ३.९ मे.टन, मकैको उत्पादकत्व वीरगञ्न क्षेत्रमा प्रति हेक्टर ४.० मे.टन, गहुँको उत्पादकत्व नेपालगञ्जमा प्रति हेक्टर २.७ मे.टन र आलुको उत्पादकत्व काठमाण्डौ क्षेत्रमा प्रति हेक्टर १६.७ मे.टन रहेको पाइन्छ ।

## तालिका १
## प्रमुख बालीहरुको क्षेत्रगत उत्पादकत्व

*मे.टन/हेक्टर*

| विवरण | काठमाण्डौं | वीराटनगर | जनकपुर | वीरगंज | पोखरा | सिद्धार्थनगर | नेपालगंज | धनगढी | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| धान | ३.३ | ३.१ | २.८ | ३.१ | ३.२ | ३.७ | ३.९ | ३.७ | ३.४ |
| मकै | २.८ | ३.६ | ३.१ | ४.० | २.७ | २.५ | २.४ | १.५ | २.८ |
| गहुँ | २.४ | २.२ | २.५ | २.५ | २.२ | २.६ | २.७ | २.४ | २.४ |
| आलु | १६.७ | १३.३ | १२.३ | १५.० | १२.२ | ११.८ | १२.५ | १३.४ | १३.४ |

(ङ) **कृषि क्षेत्रमा आशालाग्दो स्थिति :** कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन नेपाल सरकारले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रम र बजेटमार्फत अगाडी सारेको विभिन्न किसिमका परियोजनामूलक, अनुदानमूलक कार्यक्रम र सो कार्यक्रमलाई सघाउ पुर्‍याउन नेपाल राष्ट्र बैंकले आफ्नो मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरुलाई गरेको निर्देशनात्मक व्यवस्थाका फलस्वरुप समग्र कृषि क्षेत्रमा व्यवसायिक तवरले आकर्षण बढ्दै गएबाट भविष्यमा यस्ता वस्तुहरुको उत्पादन बढ्ने संभावना छ । यसको साथै कृषि क्षेत्रमा अहम् भूमिका रहेको सिँचाइ सुविधामा विस्तार गर्न राष्ट्रियस्तरमा निर्माणाधीन आयोजनाहरु तोकिएको समयमै सम्पन्न भएमा नेपालले कृषि क्षेत्रले ठूलो फड्को मार्न सक्ने आशा गर्न सकिन्छ ।

## १.४ प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

(क) **पशुपंछी तथा माछाजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादनमा ३.२ प्रतिशतले, मासुको उत्पादन ५.९ प्रतिशतले र अण्डाको उत्पादन ३.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष दूधको उत्पादनमा २.९ प्रतिशतले तथा मासुको उत्पादनमा ४.६ प्रतिशतले वृद्धि भएको थियो भने अण्डाको उत्पादनमा १७.२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा मासुजन्य उत्पादनतर्फ भैसी तथा राँगाको मासु उत्पादन २.६ प्रतिशतले, खसी, बोका र भेडाको मासु उत्पादन ३.९ प्रतिशतले, सुंगुर तथा बंगुरको मासु उत्पादन ३.६ प्रतिशतले र कुखुरा तथा हाँसको मासु उत्पादन १८.० प्रतिशतले बढेको छ । गत वर्ष ९.९ प्रतिशतले वृद्धि भएको माछाको उत्पादन समीक्षा वर्षमा ९.८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा अवधिमा महको उत्पान ४.७ प्रतिशतले बढेको छ भने छालाको उत्पादनमा १.० प्रतिशतले ह्रास आएको छ ।

(ख) **उत्पादन प्रवर्द्धनमा नीतिगत व्यवस्था :** पशुजन्य उत्पादन वृद्धिका लागि नेपाल सरकारले लागु गरेका विभिन्न किसिमका अनुदानमूलक परियोजना लगायत पशुपंछीजन्य उत्पादन र उत्पादकत्व बढाउन गोठसुधार, पशुपंछी वीमामा दिइएको ७५ प्रतिशत अनुदान, प्राविधिक सेवाको सहज उपलब्धता एवम् वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई व्यवसायिकरुपमा पशुपंछी फर्महरु सञ्चालन गर्न विभिन्न किसिमका अनुदान जस्ता कार्यक्रमहरु तथा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत व्यवसायिक पशुपंछीपालन एवम् मत्स्यपालनमाका लागि गरेको पुनरकर्जाको व्यवस्थाको फलस्वरुप आँउदा वर्षहरुमा पशुजन्य उत्पादन वृद्धि हुने देखिन्छ ।


(ग) **वनजन्य उत्पादन :** समीक्षा वर्षमा अध्ययनले समेटेका क्षेत्रमा काठको उत्पादनमा क्रमशः २१.६ प्रतिशतल वृद्धि भएको छ भने अन्य वनजन्य उत्पादनहरु दाउरा, औषधिजन्य उत्पादन र अन्य वस्तुको उत्पादनमा ह्रास आएको छ ।

(घ) **प्रमुख पशुपंछी, माछा तथा वनजन्य उत्पादनको क्षेत्रगत तुलना :** क्षेत्रगत रुपमा तुलना गर्दा सबै क्षेत्रमा दूध, मासु र अण्डाको उत्पादनमा वृद्धि भएको छ । माछाको उत्पादन जनकपुर क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादन जनकपुर क्षेत्रमा घटेको छ भने बाँकी अन्य क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ३** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.५ सिँचाइ सुविधा :** समीक्षा वर्षमा अध्ययनमा समेटिएका ५७ जिल्लाहरुको कुल सिँचित क्षेत्रफल २.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष उक्त क्षेत्रफलमा २.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४५.२ प्रतिशत क्षेत्रफल सिँचित रहेको पाइन्छ । कुल सिँचित क्षेत्रफलमध्ये ३९.८ प्रतिशत कुलो, ५०.२ प्रतिशत नहर, ९.१ प्रतिशत बोरिङ्ग तथा ०.९ प्रतिशत पोखरीबाट सिँचाइ भएको देखिन्छ ।

समीक्षा वर्षमा अध्ययन क्षेत्रका सम्पूर्ण क्षेत्रहरुको सिँचित क्षेत्रफलमा वृद्धि भएको छ ।




यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.६ क्षेत्रगत कृषि कर्जा स्थिति :** आर्थिक वर्ष २०७३/७४ मा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कृषि कर्जा २०.३ प्रतिशतले वृद्धि भई रु. ९१ अर्ब ८३ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जामा २५.७ प्रतिशतले वृद्धि भएको थियो ।

(क) २०७४ असार मसान्तको तथ्याङ्क अनुसार तरकारी बालीमा रु.५ अर्ब ४५ करोड, अन्न बालीमा रु.४ अर्ब २० करोड एवम् चिया तथा कफी खेतीमा रु.२ अर्ब ७१ करोड कर्जा प्रवाह भएको छ । त्यसैगरी, प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३५.६ प्रतिशत अर्थात् रु.३२ अर्ब ६५ करोड रहेको छ भने सबैभन्दा न्यून सिँचाइमा ०.१ प्रतिशत अर्थात् रु. ६ करोड रहेको छ । समीक्षा वर्षमा “क” “ख” तथा “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ४.७ प्रतिशत रहेको छ ।

(ख) कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २४.४ प्रतिशत, वीरगञ्ज क्षेत्रको २२.४ प्रतिशत, विराटनगर क्षेत्रको १५.७ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १०.६ प्रतिशत, पोखरा क्षेत्रको ९.१ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ७.१ प्रतिशत, जनकपुर क्षेत्रको ६.८ प्रतिशत तथा धनगढी क्षेत्रको १.३ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ५** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.७ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्ष २०७४/७५ मा मनसुन समयमा प्रयाप्त वर्षा भएको, उन्नत बिउविजन तथा रसायनिक मल जस्ता कृषि आगतहरुको सहज उपलब्धता रहेको र कृषि क्षेत्रमा बढ्दो व्यावसायीकरण र आधुनिकीकरण को प्रवृति देखा परेकाले कृषि उत्पादनमा बढोत्तरी आउने देखिन्छ।

परम्परागत खेती प्रणालीलाई नयाँ प्रविधि र सीपयुक्त बनाई समग्र कृषि उत्पादन र उत्पादकत्व बढाउन सरकारबाट अगाडि सारिएका विभिन्न आयोजनाहरु जस्तैः खाद्यान्न बीज वृद्धि आयोजना, व्यवसायिक तरकारी विकास आयोजना, अदुवा उत्पादन आयोजना, मौरी विकास आयोजना, कृषक तालीम कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लगायत जिल्लास्तरीय कृषि प्रसार कार्यक्रम आदिको प्रभाव, उन्नत वीऊ विजनको प्रयोगमा भएको वृद्धि, रासायनिक मलको सहज उपलव्धता र साना तथा मझौला सिँचाइ योजना मार्फत सिँचाइ सुविधामा विस्तार भई प्रमुख कृषि बालीहरु धान, मकै, गहुँ, दलहन र तेलहन वालीको उत्पादन बढ्ने अनुमान रहेको छ।

(ख) सरकारले ल्याएको युवा लक्षित विशेष कार्यक्रम, कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम, कृषि तथा पशु वीमामा दिइदै आएको अनुदान तथा बजार मागमा आएको बृद्धिका कारण युवाहरु कृषि पेशामा आकर्षित भई चालु आर्थिक वर्षमा थप केही तरकारी, फलफुल तथा पशुपंक्षी फर्महरु संचालनमा आएको, कृषि विकास र पशुसेवा कार्यालयहरुबाट आवश्यक प्राविधिक सेवामा समेत विस्तार गरिएबाट तरकारी, फलफुल, दूध, मासु लगायतका उत्पादनहरु बढ्ने अनुमान गरिएको छ । त्यसैगरी, माछापालन व्यवसायलाई प्रोत्साहन गर्न अगाडि सारिएका अनुदानहरु एवम् विविध प्रर्वद्धनात्मक कार्यक्रमहरुबाट माछा उत्पादनमा वृद्धि हुने अनुमान छ।

(ग) स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकार गठन भएको र संबैधानिक व्यवस्था वमोजिम चालु आर्थिक वर्षको बजेट समयमा नै पारित भई स्थानीय तहमा यथेष्ट बजेट स्थानान्तरण भएबाट स्थानीय स्तरमा कृषि तथा पशुजन्य उत्पादनमा सकारात्मक प्रभाव पर्ने अनुमान छ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुले औसतमा ५७.३ प्रतिशत क्षमता उपयोग गरेका छन् । अघिल्लो वर्ष उद्योगहरुको औसत क्षमता उपयोग ४८.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरुमा पश्मिना उद्योग (९८.५ प्रतिशत), वियर उद्योग (८२.१ प्रतिशत), चाउचाउ उद्योग (७९.१ प्रतिशत) र प्रशोधित चिया उत्पादन गर्ने उद्योग (७८.६ प्रतिशत) रहेका छन् । गत वर्ष यी उद्योगहरुको क्षमता उपयोग क्रमशः ८८.० प्रतिशत, ६२.८ प्रतिशत, ८३.३ प्रतिशत र ६५.५ प्रतिशत रहेको थियो । त्यसैगरी, सबैभन्दा कम क्षमता उपयोग गर्ने उद्योगहरुमा चामल उद्योग (२८.८ प्रतिशत), चिनि उद्योग (३१.२ प्रतिशत) र ईटा उत्पादन गर्ने उद्योग (३५.७ प्रतिशत) रहेका छन् ।

(ख) समीक्षा वर्षमा उर्जा आपूर्तिमा सुधार भएको, बन्द हड्ताल लगायतका आपूर्तिजन्य अवरोधमा कमी आएको, पुनर्निर्माण कार्यका कारण निर्माणजन्य सामग्रीकोको मागमा वृद्धि भएको तथा औद्योगिक श्रम सम्बन्धमा सुधार भएका कारण उद्योगहरुको क्षमता उपयोगमा वृद्धि आएको हो ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ६** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(ग) समीक्षा वर्षमा अध्ययनमा समावेश औद्योगिक उत्पादनहरुमध्ये वनस्पति घिउ तथा तेल समूह, पेय पदार्थ समूह, लत्ता कपडा समूह, कागज, अन्न तथा पशुदाना समूह अन्य रसायनिक पदार्थ समूह, प्लाष्टिकजन्य उत्पादन, गैरधातु खनिजजन्य उत्पादन तथा फ्रेबिकेटेट धातुको सामानको उत्पादनमा वृद्धि भएको छ भने दुग्धपदार्थ, अन्य खाद्य पदार्थ समूह, तयारी कपडा, काठको उत्पादन, बिजुलीको तार र जुत्ताको उत्पादनमा ह्रास आएको छ ।

(घ) समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल समूहको उत्पादन ३९.२ प्रतिशतले, समग्र पेय पदार्थको उत्पादन २७.२ प्रतिशतले र लत्ता कपडा समूहको (धागो, सिन्थेटिक कपडा र पश्मिनाको औसत) उत्पादन २८.८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी अन्न तथा पशुदाना समुहको उत्पादन १९.४ प्रतिशतले वृद्धि भएको छ । अन्य खाद्य पदार्थ समूह अन्तर्गत विस्कुट, चाउचाउ र प्रशोधित चियाको उत्पादनमा वृद्धि भएको छ भने चिनी र चकलेटको उत्पादनमा कमी आउँदा अन्य खाद्य पदार्थ समूहको समग्र उत्पादनमा १५.३ प्रतिशतले ह्रास आएको छ ।

तयारी कपडा समूहको उत्पादन ३२.९ प्रतिशतले घटेको छ भने रंगको उत्पादनमा २६.० प्रतिशतले, साबुनको उत्पादनमा ३२.३ प्रतिशतले, ईटाको उत्पादन १२.२ प्रतिशतले र  सिमेन्टको उत्पादन ५८.३ प्रतिशतले बढेको छ । यसैगरी, फलामको छड तथा पत्ति र जि.आई तारको उत्पादनमा क्रमशः १०९.३ प्रतिशत र ८२.२ प्रतिशतले वृद्धि भएको छ भने घरेलु धातुका सामानको उत्पादनमा ३.८ प्रतिशतले र जुत्ताको उत्पादनमा १७.५ प्रतिशतले ह्रास आएको छ ।

समीक्षा वर्षमा प्रशोधित छालाको उत्पादनमा ९.७ प्रतिशतले, चिरेको काठको उत्पादनमा  २०.८ प्रतिशतले, बिजुलीको तार र केबलको उत्पादनमा १०.९ प्रतिशतले कमी आएको छ भने कागजको

उत्पादनमा २८.८ प्रतिशतले, रोजिनको उत्पादनमा १२.५ प्रतिशतले र समग्र औषधिको उत्पादनमा औसतमा १७.१ प्रतिशतले वृद्धि भएको छ ।


**(ङ)** क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतया प्रशोधित दूध, हल्का पेय पदार्थ, पस्मिना, चाउचाउ, रंग, औषधी, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा  वनस्पती घिउ तथा तेल, चिनी, चाउचाउ, चिया, जुटका सामान, प्लाष्टिकका सामान, फलामको छड तथा पत्ति, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, ईटा, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी वीरगञ्ज क्षेत्रमा मुख्य रुपमा वनस्पति घिउ, तेल, प्रशोधित दूध, पशुदाना, चिनी, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदिको उत्पादन हुने गरेको छ । सिद्धार्थनगर क्षेत्रमा मुख्यतः गहुँको पिठो, पेय पदार्थ, औषधि, सिमेण्ट उत्पादन हुने गरेको छ । त्यसैगरी, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, चामल, सिमेण्ट आदिको उत्पादन हुने गरेको छ भने धनगढी क्षेत्रमा गहुँको पिठो, रोजिन, साबुन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ७** (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

**(क)** समीक्षा वर्षमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २१.० प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ३७ अर्ब १८ करोड पुगेको छ । गत आर्थिक वर्षमा यस्तो कर्जा २२.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जा मध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३२.४ प्रतिशत रहेको छ ।

**(ख)** समीक्षा वर्षमा उत्पादन सम्बन्धी (कृषि, वन तथा पेय पदार्थ एवम् गैर खाद्यवस्तु) शीर्षकमा १३.८ प्रतिशतले, निर्माण क्षेत्रमा २३.१ प्रतिशतले, पर्यटन उद्योग/सेवा शीर्षकमा ३२.५ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा ३६.१ प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक शीर्षकमा ३४.३ प्रतिशतले र खानी सम्बन्धी उद्योगमा १८.२ प्रतिशतले कर्जा वृद्धि भएको छ ।




**(ग)** यसरी प्रवाहित कुल औद्योगिक कर्जामध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४५.० प्रतिशत कर्जा प्रवाह भएको छ भने सबैभन्दा न्यून अर्थात् ०.६ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह

भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा ३१.२ प्रतिशत, पर्यटन उद्योगमा ९.९ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा ९.१ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ४.२ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ५८.९ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.४ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश ९.२ प्रतिशत, पोखरा क्षेत्रको अंश ६.७ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.४ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश ३.४ प्रतिशत, धनगढी क्षेत्रको अंश २.२ प्रतिशत र जनकपुर क्षेत्रको अंश १.८ प्रतिशत रहेको छ । सबैजसो ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहेका र ठूलो कर्जा लगानी सम्बन्धी सम्पूर्ण अख्तियारी प्रायः केन्द्रीय कार्यालयहरुमै रहने गरेकाले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ८** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्षमा उर्जा आपूर्तिमा सुधार भएको, कच्चा पदार्थको सहज उपलव्धता रहेको तथा पुनर्निर्माण कार्यले लिएका गतिबाट उद्योगहरुको क्षमता उपयोगमा थप विस्तार हुने अनुमान छ । साथै प्रादेशिक तथा केन्द्रीय स्तरको चुनाबमा सरकारी खर्चमा हुने वृद्धिबाट चाउचाउ, चकलेट, वियर र हल्का पेय पदार्थ जस्ता वस्तुहरुको माग बढ्न गई सो को उत्पादन समेत बढ्ने अनुमान गरिएको छ ।

(ख) चालु आर्थिक वर्षमा मौसमी अनुकुलता रहेका कारण कृषि उत्पादनमा वृद्धि हुन गई चामल, पिठो, दाल र तेल जस्ता कृषिजन्य उत्पादनमा आधारित उद्योगहरुको उत्पादन समेत बढ्ने अनुमान गरिएको छ । सरकारले उखुको मूल्य निर्धारणमा गर्ने ढिलाई तथा चिनी उद्योगहरुले विगत वर्षहरुको उखुको मूल्य किसानहरुलाई भुक्तानी नगरेबाट किसानहरुको उखु खेतीमा आकर्षण घट्न गई चिनी उत्पादन भने घट्ने देखिन्छ ।

(ग) पुनर्निर्माण प्राधिकरणबाट भूकम्प पिडितहरुलाई दोस्रो तथा तेस्रो किस्ताको रकम वितरणमा ल्याएको तीव्रता, भत्किएका सरकारी संरचनाहरुको पुनर्निर्माण कार्यले लिएको गति तथा भर्खरै सम्पन्न स्थानीय तहरुको निर्वाचन पश्चात् गठित स्थानीय तहहरुले आफ्नो क्षेत्रमा पूर्वाधार विकास निर्माणमा वृद्धि गर्ने लगानीबाट निर्माणजन्य सामाग्री ईटा, सिमेन्ट, फलामे छड तथा पत्ति लगायका उत्पादन बढ्न जाने देखिन्छ ।

परिच्छेद ३

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या ७.९ प्रतिशतले वृद्धि भई २ हजार ४५० पुगेको छ भने होटल शैया संख्या ६.८ प्रतिशतले वृद्धि भई ६७ हजार ४८९ पुगेको छ। गत वर्षको सोही अवधिमा होटल संख्यामा १.२ प्रतिशतले वृद्धि भएको थियो भने शैया संख्यामा ३.५ प्रतिशतले वृद्धि भएको थियो।

(ख) पर्यटक स्तरीय होटलहरु मध्ये सबैभन्दा बढी होटेलहरु (३२.७ प्रतिशत) पोखरा क्षेत्रमा रहेका छन् भने सबैभन्दा कम (१.६ प्रतिशत) होटेलहरु धनगढी क्षेत्रमा रहेका छन्।

(ग) पर्यटन आगमन संख्यामा गत वर्ष ३.३ प्रतिशतले कमी आएकोमा समीक्षा वर्षमा पर्यटन आगमन उल्लेख्य रुपमा अर्थात २९.२ प्रतिशतले वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ९** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## ३.२ घर-जग्गा कारोबार

(क) गत वर्ष ४.८ प्रतिशतले वृद्धि भएको घर-जग्गा रजिष्ट्रेशन संख्या समीक्षा वर्षमा ९.० प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ३९.८ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब २९ करोड पुगेको छ। गत वर्ष यस्तो राजस्व संकलनमा ४०.२ प्रतिशतले वृद्धि भएको थियो।

ख) समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्यामा ३२.४ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो संख्यामा ४८.६ प्रतिशतले वृद्धि भएको थियो। क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ, पोखरा र धनगढी क्षेत्रमा घर/भवन नक्सा पास संख्यामा क्रमशः ३.३ प्रतिशत, ९.९ प्रतिशत र १८.२ प्रतिशतले ह्रास आएको छ भने विराटनगर क्षेत्रमा २८.६ प्रतिशतले, जनकपुर क्षेत्रमा १५.० प्रतिशतले, विरगञ्ज क्षेत्रमा ७.९ प्रतिशतले, सिद्धार्थनगर क्षेत्रमा १२.० प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा २६.९ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये धनगढी क्षेत्रमा सबैभन्दा बढी अर्थात् ७९.२ प्रतिशतले र पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् २.८ प्रतिशतले वृद्धि भएको छ।


यस सम्बन्धी विस्तृत विवरण **तालिका १०** (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ५७ जिल्लामा वाणिज्य बैंकका २१५५, विकास बैंकका ७४३, वित्त कम्पनीका १३० तथा लघुवित्त विकास बैंकका १७०२ गरी जम्मा ४७३० वटा शाखाहरु सञ्चालनमा छन्। यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ११२६ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् २९० वटा शाखाहरु सञ्चालनमा रहेका छन्।

यस सम्बन्धी विस्तृत विवरण **तालिका ११** मा प्रस्तुत गरिएको छ।

(ख) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप १८.२ प्रतिशतले वृद्धि भई रु. २२ खर्ब ८४ अर्ब ९५ करोड पुगेको छ। गत वर्ष यस्तो निक्षेप २३.२ प्रतिशतले वृद्धि भएको थियो। अध्ययन क्षेत्रमा आएको बैंकिङ्ग सेवाको विस्तार र नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले बैंकिङ्ग सेवामा पहुँच बढाउन संचालन गरेको वित्तीय साक्षरता अभियानको परिणाम स्वरुप सर्वसाधारणको वित्तीय पहुँचमा भएको अभिवृद्धि एवम् रेमिट्यान्स आप्रवाह लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो।




(ग) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २२.८ प्रतिशतले वृद्धि भई रु. १९ खर्ब ६७ अर्ब १ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा प्रवाह २९.७ प्रतिशतले वृद्धि भएको थियो। बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा बढी रहेको कारण गत वर्ष ८२.८ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा वर्षमा ८६.१ प्रतिशत पुगेको छ।

### तालिका २
### निक्षेप तथा कर्जाको क्षेत्रगत अंश

(रु.दस लाखमा)

| क्षेत्र | निक्षेप | | कर्जा | | कर्जा निक्षेप अनुपात |
|---|---|---|---|---|---|
| | २०७४ असार मसान्त | निक्षेपको क्षेत्रगत अंश | २०७४ असार मसान्त | कर्जाको क्षेत्रगत अंश | २०७४ असार मसान्त |
| काठमाण्डौं | १५५९७९७.६ | ६८.३ | १०१७३०५.६ | ५१.७ | ६५.२ |
| विराटनगर | १४२५५४.९ | ६.२ | २३७०१८.८ | १२.० | १६६.३ |
| जनकपुर | ५५१९३.० | २.४ | ६१७५९.० | ३.१ | १११.९ |
| वीरगञ्ज | ११७१२०.८ | ५.१ | १८८७४४.९ | ९.६ | १६१.२ |
| पोखरा | १५३०७९.० | ६.७ | १५४५६५.२ | ७.९ | १०१.० |
| सिद्धार्थनगर | १३७३८९.६ | ६.० | १५०२६१.८ | ७.६ | १०९.४ |
| नेपालगञ्ज | ७८४७६.४ | ३.४ | १०२१८०.७ | ५.२ | १३०.२ |
| धनगढी | ४१३४४.० | १.८ | ५५१७७.४ | २.८ | १३३.५ |
| जम्मा | २२८४९५५.१ | १०० | १९६७०१३.५ | १०० | ८६.१ |

श्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु।

(घ) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.३ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ६.७ प्रतिशत

तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.८ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५१.७ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १२.० प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.८ प्रतिशत रहेको छ । काठमाण्डौ तथा विराटनगर क्षेत्रमा आर्थिक गतिविधि बढी हुने र ठूलो परिमाणको कर्जा केन्द्रीय कार्यालयमा रहने हुँदा यी क्षेत्रमा कर्जा परिचालनको अंश उच्च देखिएको हो ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण **तालिका १२** मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

**(क)** समीक्षा वर्षमा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १२.७ प्रतिशतले वृद्धि भएको छ; जसमध्ये मोटरसाईकलको संख्या १४.८ प्रतिशतले तथा अन्य सवारी साधनको संख्या ५.१ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण **तालिका १८** मा प्रस्तुत गरिएको छ ।

**(ख)** समीक्षा वर्षमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट देशभर वितरण गरिएको मोवाईल ( सिडिएमए समेत) तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा १४.० प्रतिशतले वृद्धि भई ३ करोड ५८ लाख ७८ हजार ८ सय ४३ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा १७.४ प्रतिशतले वृद्धि भई १ करोड ६१ लाख ८६ हजार ७ सय ५९ पुगेको छ । जस अनुसार टेलिफोन घनत्व १२४.९ तथा इन्टरनेट घनत्व ५६.४ पुगेको छ ।

यस सम्बन्धी विवरण **तालिका २२** मा प्रस्तुत गरिएको छ ।

## ३.५ शिक्षा तथा स्वास्थ्य

**(क)** अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त शैक्षिक सत्र २०७४ को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि. सहित) २९ हजार ९ सय २६ रहेका छन् जसमध्ये २२ हजार १ सय २१ सरकारी/सामुदायिक र ७ हजार ८ सय ५ संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ कुल विद्यार्थी संख्यामा ३.८ प्रतिशतले ह्रास आई ४२ लाख ९५ हजार ८५८ कायम भएको छ । संस्थागतर्फ कुल विद्यार्थी संख्यामा १७.९ प्रतिशतले वृद्धि भई १६ लाख ९९ हजार ३७९ पुगेको छ । अध्ययन क्षेत्रमा रहेका प्राविधिक शिक्षालयहरुको संख्या १५.० प्रतिशतले वृद्धि भई ५ सय ५१ पुगेको छ जसबाट कुल ६१ हजार ९ सय ७७ जनाले प्राविधिक शिक्षा प्राप्त गर्नसक्ने देखिन्छ ।

**(ख)** सरकारी/सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्यामा घट्दै गइरहेको कारण सरकारी/सामुदायिक विद्यालय गाभिने क्रमसँगै विद्यालयहरुको संख्या शिक्षक/शिक्षिकाको संख्या घट्दो क्रममा गइरहेको देखिन्छ । अर्कोतर्फ, संस्थागत विद्यालयहरुमा विद्यालय संख्या तथा विद्यार्थी संख्यामा वृद्धि भइरहेको देखिन्छ ।

यस सम्बन्धी विस्तृत तथ्याङ्क **तालिका १९** मा प्रस्तुत गरिएको छ ।

**(ग)** समीक्षा वर्षमा अध्ययन क्षेत्रमा सरकारी तथा निजी गरी कुल ५ सय ७३ अस्पताल रहेका छन् जसमा १ सय ५१ वटा अस्पताल सरकारी क्षेत्रबाट एवम् ४ सय २२ वटा निजी क्षेत्रबाट संचालित छन् । सरकारी क्षेत्रबाट संचालित अस्पतालमा कुल ११ हजार ८ सय ३२ शैया छन् भने २ हजार २ सय २४

चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् । निजी क्षेत्रबाट संचालित अस्पतालहरुमा भने कुल १८ हजार ८ सय ३ शैया छन् भने ३ हजार २ सय ४८ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् ।

यस सम्बन्धी विवरण **तालिका २०** मा प्रस्तुत गरिएको छ ।

## ३.६ सेवा क्षेत्रको परिदृश्य (Outlook)

**(क)** होटल व्यवसायहरु उल्लेख्य रुपमा दर्ता हुँदै गएको, पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी प्रतिबद्धता बढेको, पर्यटन क्षेत्रमा होटल बुकिङ्ग तथा अकुपेन्सी दरमा सुधार आएको, विदेशी पर्यटकहरुबाट हुने आम्दानीमा क्रमशः सुधार आएको, उर्जा आपूर्तिमा सुधार आएको, आन्तरिक पर्यटनमा आकर्षण बढ्दै गएको र बन्द हड्तालमा क्रमिक रुपमा कमि आएको अवस्थाले पर्यटन क्षेत्रमा आगामी वर्ष सकारात्मक परिदृश्य देखिन्छ ।

**(ख)** बैंकिङ्ग क्षेत्रमा लगानी योग्य रकमको अभाव रहेको, घर जग्गा कर्जा सिमामा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत् थप कडाई गरेको, सरकारद्वारा खेति योग्य जमिनको प्लटिङ्गमा रोक लगाउन नीतिगत योजना शुरु गरिएको कारण जग्गा कारोबारको गतिमा केही सुस्ती आउने देखिन्छ । सहरीकरणको वृद्धि कायमै रहेको, भूकम्प पछिको पुनर्निर्माण कार्य अझैपनि उल्लेख्य मात्रामा बाँकी रहेको र पुनर्निर्माणमा अनुदान दिने कार्य अघि बढिरहेको हुँदा नयाँ घर/भवन निर्माण कार्यले भने निरन्तरता पाउने हुँदा आर्थिक वर्ष २०७४/७५मा घर/भवन नक्शा पास संख्या वृद्धि हुने देखिन्छ ।

**(ग)** बैंकिङ्ग क्षेत्रमा निक्षेपको महत्वपूर्ण स्रोतको रुपमा रहेको बिप्रेषण आप्रवाहको वृद्धिदरमा क्रमिक रुपमा गिरावट आइरहेको स्थितिले वित्तीय क्षेत्रमा निक्षेप वृद्धि दर प्रभावित हुने देखिन्छ । यद्यपि स्थानीय तहका प्रतिनिधिहरुको चुनावसँगै स्थानीय सरकार गठन भई स्थानीय तहमा सार्वजनिक प्रशासन संचालनमा आएसँगै सरकारी खर्चमा उल्लेख्य वृद्धि हुने अवस्था रहेकोले वित्तीय क्षेत्रमा तरलता प्रवाह हुने सम्भावना छ ।

नेपाल राष्ट्र बैंकले पटक पटकका नीति निर्देशनहरुबाट दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाको उपस्थितिलाई जोड दिँदै आइरहेको र बैंकिङ्ग पद्धतीमा नविनतम प्रविधिको प्रयोग हुँदै आएकोले दुर्गम क्षेत्रका सर्वसाधारणमा वित्तीय सेवाको पहुँच अभिवृद्धि हुँदै जाने देखिन्छ ।

**(घ)** स्वास्थ्य क्षेत्र तर्फ निजी क्षेत्रको आकर्षण बढ्दै गएको हुँदा निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुको संख्यात्मक बृद्धिले निरन्तरता पाउने देखिन्छ । साथै सरकारी तथा गैर सरकारी स्तरबाट स्वास्थ्य क्षेत्रको स्तरोन्नतीमा विशेष प्राथमिकता दिइएको र नीतिगत प्रयास गरिएको कारण सरकारी एवं गैर सरकारी स्तरबाट स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि हुने सम्भावना छ । यस्तै, शिक्षा क्षेत्रतर्फ सरकारी तथा गैरसरकारी अभियानको परिणाम स्वरुप जनमानसमा शिक्षा सम्बन्धी चेतना अभिवृद्धि हुँदै गएको, शिक्षा क्षेत्रमा रहेको लैंगिक विभेद क्रमशः सुधार हुँदै गएको र जिल्ला शिक्षा कार्यालयहरुले विद्यार्थी भर्ना अभियान कार्यक्रमहरु संचालनमा ल्याएका कारण विद्यार्थी भर्ना दरमा केही वृद्धि हुने सम्भावना छ ।

**(ङ)** सूचना प्रणाली दैनिक जीवनको अभिन्न अंग बन्दै गइरहेको र सूचना तथा संचारलाई बैंकिङ्ग पद्धतिसँग आवद्ध गरिने क्रम बढिरहेको हुँदा सँचार क्षेत्रमा विस्तार हुने देखिन्छ ।

परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- अव्यवस्थित प्लटिङ्गले कृषि योग्य जमिन क्षय हुँदै गइरहेको अवस्था छ । बाँकी रहेको जमिन पनि कृषि श्रमिकको अभावमा बाँझो रहने क्रम बढ्दो छ । खेती योग्य जमीन घडेरीमा परिणत गरिने कार्य रोक्नु र यस्ता जमीनमा पूर्णतः खेती गरिनु यस क्षेत्रको पहिलो चुनौती रहेको छ ।

- केही समय यता कृषि क्षेत्रमा युवा पिँढिको आकर्षण बढ्दो छ जसबाट यस क्षेत्रमा व्यवसायीकरणको सम्भावना शुरु भएको छ । राज्यको तर्फबाट समयमै उन्नत बीउ-बीजन, रासायनिक मल, किटनाशक औषधी तथा आधुनिक यन्त्र-उपकरणहरुको उपलब्धता सुनिश्चित गरी यस क्षेत्रलाई व्यवसायीकरणको मार्गमा अगाडी बढाउनुपर्ने आवश्यकता छ । तर वास्तविक योजना र समयोचित कार्यान्वयन विना कृषिका आधारभूत आगत तथा यन्त्र-औजार पर्याप्त मात्रामा यथासमय उपलब्ध गराउने कार्य चुनौतीपूर्ण छ ।

  साथै सडक संजालको पर्याप्तता, दुर्गम स्थानहरुमा सरकारको न्यून उपस्थितिका कारण बजारको उचित व्यवस्थापन, कृषि क्षेत्रलाई उत्पादन देखि वितरण र निर्यात सम्म लागत-प्रभावी बनाउने, कृषि कर्जासम्म किसानको पहुँच पुर्याउने र सरकारको कृषि कार्यक्रमलाई वास्तविक कृषक सम्म पुऱ्याउने जस्ता चुनौतीहरु पनि सरोकारवाला निकायहरुको लागि रहेको छ ।

- कृषि उत्पादनलाई अन्तिम उपभोक्तासम्म पुऱ्याउने संयन्त्रमा विचौलियाहरुको अति र अनावश्यक उपस्थितिले किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसकेका तथा उपभोक्ताहरुले बढी मूल्य तिर्नुपर्ने अवस्था अझै विद्यमान छ । कमजोर अनुगमनका कारण जरैदेखि फष्टाएका बिचौलियाहरुको अनावश्यक उपस्थितिलाई उन्मूलन गर्नु चुनौतीपूर्ण रहेको छ ।

- देशका अधिकांश किसानहरु तल्लो तथा मध्यमवर्गीय रहेका हुँदा जलवायु र प्राकृतिक प्रकोपसँग जुध्ने प्रविधि अवलम्बन गर्न सक्तैनन् । तर देशमा बर्षेनि कुनै न कुनै रुपमा यस्ता प्राकृतिक विपत परिरहने हुँदा प्रविधि र आर्थिक स्रोतको अभावमा कृषि क्षेत्रलाई यी विपत तथा प्रकोप प्रतिरोधात्मक बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

- कृषि क्षेत्रको उत्पादकत्व बढाउन सिँचाइको भूमिका अपरिहार्य छ । मुलुक जलस्रोतमा सम्पन्न भएपनि कुल खेती गरिएको क्षेत्रफलको आधा भन्दा कम जमीनमा मात्र सिँचाई सुविधा उपलब्ध छ । मनसुनमा आधारित कृषि क्षेत्रलाई आधुनिक प्रकृतिका नहर/कुलोमार्फत वर्षैभरी यथेष्ट सिँचाई सुविधा उपलब्ध गराउनुपर्ने चुनौती रहेको छ ।

## ४.२ उद्योग क्षेत्र

- उद्योग क्षेत्रको विकास, मुल्य तथा बाह्य क्षेत्र स्थिरता र रोजगारीको अवसर सृजना सम्बन्धी समस्याको मुल समाधान हो । देशमा बन्द, हडताल जस्ता समस्यामा उल्लेख्य कमी आएतापनि उद्योग दर्ता तथा संचालन क्षमता उपयोगमा खासै सुधार आएको छैन । आर्थिक स्थिरता कायम गर्दै स्वदेशी तथा विदेशी लगानी भित्राउनु अझै चुनौतीपूर्ण छ ।

- बिद्युत आपूर्तिमा क्रमिक सुधार आइरहेको भएतापनि उद्योग क्षेत्रमा केहि घण्टाको लोडसेडिङ्ग अद्यापि कायमै रहेकोले औद्योगिक क्षेत्रमा चौबिसै घण्टा बिजुली आपुर्ति हुने व्यवस्था मिलाउने र भारतबाट आयातित विद्युतमा निर्भरता कम गर्दै लैजानुपर्ने चुनौती छ ।
- उद्योगी/व्यवसायीहरुमा लगानीका लागि मनोबल बढाउन र औद्योगिक उत्पादनलाई लागत प्रभावी (Cost Effective) बनाउन विशेष आर्थिक क्षेत्र (SEZ), औद्योगिक प्रवर्धन क्षेत्र (IPZ), सडक सञ्जाल, प्रविधि जस्ता औद्योगिक पूर्वाधारको विकास गर्नु चुनौतीपूर्ण छ ।
- औद्योगिक उत्पादनको लागि बजारको अभावले उद्योग क्षमता पूर्ण रुपमा उपयोग गर्न सकिएको छैन । विश्वव्यापीकरण र आर्थिक उदारीकरणले निम्त्याएको प्रतिस्पर्धासँग सामना गर्न नसकेर नेपाली उत्पादनको स्वदेशी तथा अन्तराष्ट्रिय बजार खस्कँदो स्थितिमा छ । स्वदेशी उत्पादनलाई लागत प्रभावी र गुणस्तरीय बनाई अन्तराष्ट्रिय बस्तुसँग प्रतिस्पर्धाको क्षमता विकास गर्नु यस क्षेत्रको लागि प्रमुख चुनौती रहेका छन् । तुलनात्मक लाभका वस्तुहरु भनी पहिचान गरिएका वस्तुहरुको समेत लागत प्रभावी (Cost Effective) रुपमा उत्पादन गर्न नसकिएको अवस्था छ । अन्तराष्ट्रिय बजारमा यस्ता वस्तुहरुको निर्यात प्रवर्द्धन गरी अपेक्षित लाभ हासिल गर्ने कार्य अझै चुनौतीकै रुपमा रहेको छ ।
- नेपाल सरकार तथा निजी क्षेत्रको लगानीमा रहेका उद्योगहरु रुग्ण हुँदै जाने क्रम अझै रोकिएको छैन । यस्ता रुग्ण उद्योगहरुको पुनरुत्थान गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

## ४.३ सेवा क्षेत्र

- पर्यटन क्षेत्रतर्फ हवाई सेवालाई सुविधासम्पन्न बनाउन स्वदेशी वायुसेवा कम्पनीहरुमा नयाँ विमान थप्ने तथा प्रत्यक्ष गन्तव्य थप्ने, एक मात्र अन्तराष्ट्रिय विमानस्थललाई विस्तार गर्ने र विमानस्थलका सेवा व्यवस्थित बनाउने तथा क्षेत्रीय विमानस्थलको निर्माण कार्य तदारुकताका साथ समयमै सम्पन्न गर्ने जस्ता कार्य गर्नु अपरिहार्य छ । पर्यटनको लागि अद्बितिय क्षेत्र रहँदा रहँदै पनि विगत लामो समय देखि केही निश्चित गन्तव्यमा पर्यटन क्षेत्र सीमित रहेको स्थिति छ । नयाँ पर्यटन क्षेत्रहरुको पहिचान गर्ने र उक्त क्षेत्रमा पर्यटकको लागि आधारभूत सुविधाको व्यवस्था गर्ने, भूकम्पबाट क्षतीग्रस्त ऐतिहासिक पर्यटकीय सम्पदाहरुको यथाशीघ्र पुनर्निर्माण तथा हिमाली क्षेत्रका पदमार्गहरुको मर्मत सम्भार गरी पर्यटकहरु आकर्षित गर्ने जस्ता कार्यहरु गरी पर्यटन क्षेत्रलाई विस्तार गर्नु चुनौतीपूर्ण रहेको छ ।
- शिक्षामा सरकारी लगानी वृद्धि भएतापनि सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर अपेक्षित रुपमा कायम हुन सकेको छैन र विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रका वाल-वालिकाहरुको शिक्षामा सहज पहुँच पुग्न सकेको छैन । सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर कायम गर्नु, दुर्गम तथा ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरुमा योग्य शिक्षकको आपूर्ति तथा उपस्थिति सुनिश्चित गर्नु आवश्यक छ । साथै, शिक्षा प्रणाली व्यवसायिक तथा रोजगारीमूलक बनाउनु, समाजका सबै वर्गहरुको शिक्षाका सबै विधामा पहुँच सुनिश्चित् गर्नु आवश्यक छ ।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउनु, उक्त क्षेत्रका सबै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ चिकित्सकहरुको उपस्थिति अनिवार्य गर्नु, औषधिको उपलब्धता सुनिश्चित् गर्नु आवश्यक छ । ग्रामीण क्षेत्रमा आधुनिक स्वास्थ्य सुविधाको सहज पहुँच पुऱ्याउनु चुनौतीपूर्ण छ ।
- बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रहरुमा शाखा विस्तार गर्दै लगेपनि भौगोलिक विकटताका कारण शाखा विस्तार सदरमुकाममै सीमित रहेका कारण अझै कतिपय दुर्गम तथा ग्रामीण क्षेत्रमा बैंकिङ्ग सुविधा उपभोग गर्न सदरमुकाम सम्मको लामो दूरी पार गर्नुपर्ने बाध्यता छ भने कतिपय ठाउँका जनता आधुनिक बैंकिङ्ग सेवाको पहुँचमा आउन सकेका छैनन् । दुर्गम क्षेत्रमा बैंकिङ्ग सेवा उपलब्ध गराउनको

लागि आवश्यक पुर्वाधार र सुरक्षा व्यवस्थाको प्रत्याभुति दिनु र यस्ता क्षेत्रहरुमा आधुनिक बैंकिङ्ग सेवाको विस्तार मार्फत बचतकर्ताहरुमा बैंकिङ्ग बानीको विकास गर्ने र संकलित वित्तीय साधन सोही क्षेत्रको कृषि, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उपयोग गर्नुपर्ने चुनौती रहेको छ ।

- पूर्ण रुपमा आयातित पेट्रोलियम पदार्थमा निर्भर रहेको सडक यातायातलाई उर्जाका अन्य विकल्प विशेष गरी विद्युतीय सवारी साधनबाट प्रतिस्थापन गर्नुपर्ने, अवैधानिक रुपमा चलन चल्तीमा रहेको यातायात क्षेत्रको सिण्डिकेट प्रणाली व्यावहारिक रुपमै अन्त्य गर्नुपर्ने, यातायातका साधनबाट थपिएको वातावरण प्रदुषणलाई नियन्त्रण गर्न मिति नाघेका सवारीसाधनहरुलाई रोक लगाउने र वातावरण मैत्री साधनहरु प्रयोगमा ल्याउनुपर्ने चुनौती रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- पर्याप्त बजेटको अभाव तथा राजनैतिक, भौगोलिक, नीतिगत एवम् प्राविधिक कमजोरीका कारण विनियोजित बजेट समेत समयमा खर्च हुन नसकी राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माणमा अपेक्षित प्रगति हुन सकिरहेको छैन । ठेक्का कम्पनी तथा लगानीकर्ताबीचको असमझदारी पूर्वाधार सम्वन्धी परियोजनाहरुको निर्माणका लागि समस्याकै रुपमा रहिआएको छ । कमसल कच्चा पदार्थको प्रयोगले निर्माण सम्पन्न कतिपय पूर्वाधारहरु कम गुणस्तरका रहेका पाइन्छन् । निर्माण कार्य निर्धारित समयमै र गुण्स्तर कायम गरी सम्पन्न गनुपर्ने चुनौतीहरु विद्यमान छन् ।
- कतिपय निर्माण सम्पन्न भइसकेका पूर्वाधारहरु सरोकारवालाको चासो, प्रविधि तथा प्राविधिक जनशक्तिको अभावका कारण मर्मत सम्भारको अभावमा जिर्ण बन्दै गइरहेको अवस्था छ । अतः सञ्चालनमा रहेका पूर्वाधारहरुको उचित मर्मत सम्भारको कार्य समेत चुनौतीपूर्ण रहेको छ ।
- सीमित आन्तरिक वित्तीय स्रोतबाट आगामी दिनमा पूर्वाधारको बढ्दो संघीय, प्रादेशिक तथा स्थानीय तहको माग व्यवस्थापन गर्नुपर्ने चुनौती छ ।
- भूकम्पबाट क्षतिग्रस्त आवास, सांस्कृतिक सम्पदा, भौतिक तथा सामाजिक पूर्वाधारहरु पुनर्निर्माण कार्य अपेक्षित गतिमा अघि बढ्न सकिरहेको छैन । अनुदान वापतको रकम उपलब्ध हुनमा समेत ढिलाई भइरहेको स्थिति छ । यस्तो अवस्थामा भौतिक संरचनाहरुलाई भूकम्प प्रतिरोधी बनाउंदै यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ ।

***